# दिवा सेवा केन्द्रको अध्ययन प्रतिवेदन

## परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभुमी

ज्येष्ठ नागरिकहरुले जीवनको उत्तरार्द्धमा सम्मान पुर्वक जीवन व्यत्तित गर्न पाउनु उनिहरुको अधिकार हो। सन् २०१६को अन्त्यमा विश्वमा झण्डै कुल जनसङ्ख्या ७.५ अरब पुगेको छ। ज्येष्ठ नागरिक जनसङ्ख्या ९०.०९ करोड अर्थात कुल जनसङ्ख्याको १३ प्रतिशत पुगेको अनुमान संयुक्त राष्ट्रसघंको जनसङ्ख्या विभागले गरेको छ। आगामी ३४ वर्ष पछि विश्वको कुल जनसङ्ख्यामा ज्येष्ठ नागरिकहरुको जनसङ्ख्या सन् २०५० मा २२ प्रतिशत भन्दा माथि अर्थात २ अरब भन्दा बढी पुग्ने अनुमान पनि संयुक्त राष्ट्रसघंको जनसङ्ख्या बिभागले सार्वजनिक गरिसकेको छ।

नेपालमा सन् २०११ को जनगणनामा कुल जनसंख्याको ८.१३ प्रतिशत ज्येष्ठ नागरिकहरुको जनसंख्या रहेको थियो । यो जनसंख्याको बार्षिक बृद्धिदर ३.५ प्रतिशत अनुमान गरिएको छ । यहि बृद्धिदर कायम रहदा आगामी २० बर्षमा नै ज्येष्ठ नागरिकहरुको जनसंख्या दोब्बर हुने निश्चित छ। ज्येष्ठ नागरिकहरुको यति उच्च दरको बृद्धिदर अझै ४५ देखी ५० बर्ष कायम रहन सक्ने अनुमान गर्न केन्द्रिय तथ्याङ्क विभागवाट प्रकासित उमेरगत तथ्याङ्क प्रयाप्त छ। जस्तै सन २०११ को जनगणनामा उल्लेख भए अनुसार १० देखि १४ वर्ष उमेरसमूहको जनसङ्ख्या भन्दा तलको उमेर समूहमा मात्र जनङ्ख्या घट्दो छ। यो तथ्याङ्क अनुसार सन् २०११ पछिको ४५ देखि ५० बर्षमा ज्येष्ठ नागरिकहरुको जनसङ्ख्या कम्तिमा २ पटक दोब्बर हुने अनुमान गर्न सकिन्छ।

यसरी बढ्दै गरेको ज्येष्ठ नागरिकहरुको जनसङ्ख्यामा बिबिध समस्या तथा अवसरहरु बढि रहेका छन । जसरी बच्चाहरुको वाल्यकाललाई बढि फलदायी र व्यवस्थित बनाउन मन्टेश्वरी शिक्षा र वालस्याहार केन्द्रहरु संचालनमा छन । त्यसै गरि ज्येष्ठ नागरिकहरुको जीवनलाई ब्यवस्थित गराउँन बृद्धाश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लव खुल्ने क्रम तिब्र बनिरहेको छ। यस्ता सस्था खुल्नु आफैमा राम्रो हो। ति सस्थाले उचित सेवा दिए नदिएको मापन गरि व्यवस्थित गरि संचालन गर्न लगाउने काम सरकारको हो । ब्यक्तिले कुन उद्देश्यका साथ त्यस्ता सस्था संचालन गरेका छन सो अनुसारको नियमन राज्यबाट हुनु पर्दछ । तसर्थ उचित अध्ययन गरि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको प्रभावकारिता, अवस्था र आवश्यकतावारे सरकार लगायत सरोकारवालाहरुलाई जानकारी हुनु आवश्यक भएको छ।

### १.२ समस्या

ज्येष्ठ नागरिकहरुको जीवनको उत्तरार्द्धमा सम्मानपुर्वक जीवन व्यतित गर्न पाउनु उनिहरुको अधिकार हो। नेपालको सबिंधानको धारा ४१ मा ज्येष्ठ नागरिक सम्बन्धि हकमा ज्येष्ठ नागरिकहरुलाई राज्यवाट विषेश संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भन्ने हकको प्रत्याभूति गरिएको छ। ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ ले पनि त्यस्तो व्यवस्था गर्ने प्रयास गरेको छ। तर मानिस उमेर, शारिरिक अवस्था लगाएतवाट काम गर्न नसक्ने हुदै जादा सामाजिकपनमा समेत कमि आउँदछ। त्यो सम्पुर्ण मानिसमा लागु हुने नियमित प्रकृया भएता पनि सक्रिय उमेरका मानिसहरुले वेवास्ता गर्ने चलन धेरै समाजमा व्याप्त रहेको छ। फलस्वरुप आफुले विभिन्न विधामा समाज र देशका लागि जति नै कार्य गरे पनि बृद्धाअवस्थामा आफु बोझ भएको एक्लो महसुस गरेको तितो सत्य ज्येष्ठ नागरिकहरुमा देख्न सकिन्छ। ज्येष्ठ नागरिकहरुको उमेर मानव जीवनको अन्तिम अवस्था घट्दो उमेर हो। यसमा काम गर्ने शक्ति, स्वास्थ्य अवस्था र सक्रियतामा सिथिलता आउदा सामाजिकपनमा समेत कमि आउदछ फलस्वरुप एक्लो महसुससगैं जीवन कष्टदायक हुन्छ।

आजभोली एकल परिवार, कामकाजी समाजसगैं मानिसहरुको आर्थिक क्रियाकलापमा सहभागिता बढ्दो छ । परिणम स्वरुप उनिहरुले विभिन्न समस्याहरुसगं जुध्नु पर्ने हुन्छ । यसरी बृद्धाअवस्थामा परिवारवाट बहिष्कृत हुने मानिसहरुको सङ्ख्या पनि उल्लेख्य मात्रमा बढ्दै गईरहेको छ। त्यसैले यस्तो समयमा दौतरीहरुको आवश्यकता पर्दछ। दौत्तरीसगं भलाकुसारी गर्ने अवसरले गर्दा दिवासेवा केन्द्रमा जाने ज्येष्ठ नागरिकहरुको सङ्ख्या पनि उल्लेख्य मात्रामा बढ्दै गएको पाइन्छ। तर दिवा सेवा केन्द्रको

अवस्था उनिहरुको जीवन भोगाई र समस्याको वारेमा कुनै निकाय वा  सस्थावाट अध्ययन गरिएको पाईदैन । तसर्थ दिवा सेवा केन्द्रको आवश्यकता, प्रभावकारिता र अवस्थावारे यस प्रतिवेदनमा उचित अध्ययन गरि प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**१.३ अध्ययनको लागि प्रयोग भएका प्रमुख प्रश्नहरु**

माथि उल्लेखित समस्यामा केन्द्रित रहेर बिभिन्न ठाउंमा दिवा सेवा केन्द्र खुलेका भएतापनि ति आवश्यक मात्रमा छन वा छैनन् । उचित पुर्वाधार र सुविधा व्यवस्थापन भएको छ, छैन । आदि बारे यस रिपिङहोप नामक गैह्रसरकारी सस्थाले महिला, वालवालिक तथा समाज कल्याण मन्त्रालयको सहयोगमा निम्न प्रमुख प्रश्नहरुलाई आधार मानि यो अध्ययन प्रतिवेदन तयार गरेको छ ।

- नेपालमा सञ्चालित ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको अवस्था कस्तो रहेको छ ?
- त्यस्ता केन्द्रहरुमा कति ज्येष्ठ नागरिकहरु रहेका छन?
- ति केन्द्रहरुको आवश्यकता कति रहेको छ ?
- यस क्षेत्रको लागि कस्ता जनशक्तिको आवश्यकता रहेको छ ?
- दिवा सेवा केन्द्रहरुमा पुग्ने ज्येष्ठ नागरिकहरु कति सन्तुष्ट छन ?
- दिवा सेवा केन्द्रहरुले ज्येष्ठ नागरिकमा रहेको ज्ञान सीपको उपयोग कति गर्न सकेका छन?
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको संचालन मापदण्ड कस्तो हुनु आवश्यक छ ? आदी

**१.४ उद्देश्यहरु**

यस कार्यकमको साधारण उद्देश्य ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको अवस्था, प्रभावकारिता र आवश्यकता पत्ता लगाउनु  रहेको छ । केहि प्रमुख उद्देश्यहरु निम्न रहेका छन ।

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको अवस्था र प्रभावकारिता र आवश्यकता पत्ता लगाउनु,
- दिवा सेवा केन्द्रहरुले व्यवस्थापन गरेको सेवा र सुबिधाहरुको बिष्लेशण गर्नु,
- दिवा सेवा केन्द्रहरुलाई चाहिने पुर्वाधार र जनशक्ति बारे अध्ययन गरि प्रस्तुत गर्नु,

**१.५. अध्ययनको महत्व**

नेपाल भौतिक विकास लगायत विभिन्न क्षेत्रमा पछाडी रहेको भएता पनि जनसङ्ख्यासगं सम्बन्धित विभिन्न चरहरुको प्राप्तिमा भण्डै विकसित देशहरुलाई पछ्याउने फड्को मारेको पाईन्छ । केही समय अगाडी यूनिसेफ र नेपाल जनसङ्ख्या परिषदले गरेको एउटा अनुसन्धानले देखाए अनुसार अवको २ देखी ३ दशकमा नेपालको जनसङ्ख्याको उमेरगत संरचना भण्डै जापानको जस्तो हुने भविष्यवाणी गरिएको छ । हाल जापानमा ५० हजार भन्दा बढि मानिस १०० वर्ष भन्दा माथिका रहेका छन । उनिहरुको औसत आयु ८० वर्ष भन्दा माथि रहेको छ ।

नेपालमा औसत आयू ७० वर्षको हाराहारी रहेता पनि जन्मदर र मृत्यूदरमा उच्च गिरावट आई सकेको छ । युवा जनशक्ति व्यापक रुपमा विदेश पलायन भएकाले विकास र जनसङ्ख्या व्यवस्थापन अति चुनौतीपुर्ण अवस्थामा रहेको छ । वार्षिकरुपमा ज्येष्ठ नागरिक जनसङ्ख्या बृद्धि ३.५ प्रतिशतका दरले वढिरहेको केन्द्रिय तथ्याङ्क विभागको सन् २०११ को जनगणनावाट प्राप्त तथ्याङ्कले देखाउदछ । अर्को तर्फ राष्ट्रिय जनसङ्ख्या बृद्धि वार्षिक १.३ प्रतिशतमा झरि सकेको पनि सोही स्रोतवाट देखिन्छ ।

यस अध्ययनको महत्व भनेको ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको आवश्यकता, प्रभावकारिता वारे प्रस्तुत गरिनु रहेको छ । उक्त प्रस्तुतिको आधारमा हाल सञ्चालित दिवासेवा केन्द्रको अवस्था र तिनमा सुधार गर्नु पर्ने क्षेत्रहरुलाई औचित्यका आधारमा प्रस्तुत गर्न सक्नु रहेको छ । तसर्थ यस अध्ययन ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको आवश्यकता समय अनुसारको सूविधाको व्यवस्थापन

र युवाहरुको लागि विदेश जानु भन्दा थुप्रो लाग्दै गरेको ज्येष्ठ नागरिक जनसङ्ख्यालाई अवसरको रुपमा हेर्न सहयोग गर्नु रहेको छ ।

**१.६ अध्ययनका सिमाहरु**

यो अध्ययन महिला वालवालिका तथा समाजकल्या मन्त्रालयको लागि तयार गरिएको हो । यस मन्त्रालयले देश भरिकै सम्बन्धित क्षेत्रमा निती नियम निर्माण गर्ने र अनुगमन गर्ने हुदाहुदै पनि साह्है थोरै समयमा थोरै दिवा सेवा केन्द्रहरुमा पुगेर तथ्याङ्क तथ्याङ्क संकलन गरिएको छ । तसर्थ यसमा देश भरिको मुख्य आवश्यकता र प्रभावकारितालाई उजागर गरिएता पनि सुक्ष्मरुपमा प्रस्तुत गर्न सकिएको छैन । सम्पुर्ण देशको सुक्ष्म विश्लेषणको लागि बहत अध्ययन गर्न आवश्यक समय र आर्थिक व्यवस्थापनको आवश्यकता पर्ने हुन्छ । यो अध्ययन हाललाई काठमाण्डौ उपत्याकामा मात्र सिमित रहेको छ ।

**२. अध्ययन विधि**

**२.१ अध्ययन विधिका लागि आधार स्तम्भ**

महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयले गुल्मि जिल्लामा सरोवारवाला निकायको साथमा प्रमुख जिल्ला अधिकारी, जिल्ला महिला विकास कार्यलयका प्रतिनिधी, नागरिक समाज लगायतको उपस्थितीमा गरेको छलफलको साथमा तल उल्लेखित विषयवस्तुहरुलाई आधार मानिएको छ ।

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली, २०६५ मा उल्लेख गरिएका पक्षहरु

- हेरचाह केन्द्र र दिवा सेवा केन्द्रमा हुनु पर्ने न्यूनतम पूर्वाधार तथा सुविधा

१) कम्तीमा दश जना ज्येष्ठ नागरिकलाई आश्रय दिने हेरचाह केन्द्रमा देहायका पूर्वाधार तथा

सुविधा भएको हुनु पर्नेछ र दश जना भन्दा बढी ज्येष्ठ नागरिकलाई आश्रय दिने भएमा

पूर्वाधार तथा सुविधा पनि सोही अनुपातमा बृद्धि गर्नु पर्नेछः-

(क) प्रत्येक ज्येष्ठ नागरिकका लागि कम्तीमा चालीस वर्ग फिट सतह पर्ने गरी कोठाको व्यवस्था भएको,

(ख) ज्येष्ठ नागरिक मैत्री भवन भएको र भवनको कम्पाउण्डको क्षेत्रफल भवनले ओगटेको क्षेत्रफलको कम्तीमा दोब्बर भएको,

(ग) पति पत्नीको हैशियतमा एकैसाथ रहेका ज्येष्ठ नागरिक भएकोमा बाहेक महिला र पुरुषको बसोबासका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था भएको,

(घ) देहायका सुविधाहरु भएको:

(१) कम्तिमा दुईवटा शौचालय, (महिला पुरुषका लागि अलग अलग)

(२) कम्तीमा दुईवटा स्नान गृह, (महिला पुरुषका लागि अलग अलग)

(३) भान्छा/भण्डार कक्ष,

(४) भोजन कक्ष,

(५) अध्ययन कक्ष/टी.भी. कक्ष

(६) प्राथमिक उपचार कक्ष,

(७) प्रतीक्षालय,

(८) पुस्तकालय, वाचनालय,

(९) व्यायामशाला, पौडिपोखरी, खुलाचौर मध्ये कम्तिमा कुनै एक क्रिडास्थल ।

(ङ) स्वच्छ पिउने पानीको व्यवस्था भएको,

(च) भवनका कोठाहरुमा हावा र प्रकाशको पहुँचका लागि पर्याप्त झ्यालहरु भएको,

(छ) खाना पकाउने तथा खुवाउने, सर सफाई गर्ने ब्यक्ति लगायत आवश्यक कर्मचारी, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण र हेरचाहको लागि आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था तथा समय समयमा प्रशिक्षण तथा प्रवचनको लागि समेत आवश्यक व्यवस्था भएको,

(ज) दीर्घ रोगी, सरुवा रोग लागेको अशक्त ज्येष्ठ नागरिकलाई बस्नको लागि (त्यस्तो रोगउपर ध्यान दिई) छुट्टै प्रवन्ध भएको ।

२) कम्तीमा बीस जना ज्येष्ठ नागरिकलाई सेवा दिने दिवा सेवा केन्द्रमा देहायका पूर्वाधार तथा सुविधा भएको हुनु पर्नेछ र बीस जना भन्दा बढी ज्येष्ठ नागरिकलाई सेवा दिने भएमा पूर्वाधार तथा सुविधा पनि सोही अनुपातमा वृद्धि गर्नु पर्नेछः-

(क) दुई रोपनी क्षेत्रफलमा आवश्यकता अनुसार ज्येष्ठ नागरिक मैत्री भवन र फर्निचरहरु भएको,

(ख) देहायका सुविधाहरु भएकोः-

(१) शौचालय,

(२) स्नान गृह,

(३) भान्छा/भण्डार कक्ष,

(४) भोजन कक्ष,

(५) अध्ययन कक्ष/टी.भी. कक्ष,

(६) प्राथमिक उपचार कक्ष,

(७) प्रतीक्षालय,

(८) पुस्तकालय ।

(ग) स्वच्छ पिउने पानीको व्यवस्था भएको,

(घ) भवनका कोठाहरुमा हावा र प्रकाशको पहुँचका लागि पर्याप्त झ्यालहरु भएको ।

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन मापदण्ड

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ दफा २० उपदफा १ मा भएको व्यवस्था अनुसार ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि नेपाल सरकार वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको संघ,संस्थाले नेपाल राज्यको कुनै स्थानमा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा कुनै केन्द्रको  स्थापना तथा संचालन गर्न सक्ने छ ।

यस प्रावधान अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आर्थिक वर्ष २०७२/७३ को वार्षिक कार्यक्रममा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गर्नको लागि चालु अनुदानको रुपमा बजेट व्यवस्था गरिएको छ। उक्त चालु अनुदान प्राप्त बजेटबाट तपसिल अनुसार खर्च गर्न सकिने गरी यो मापदण्ड तयार गरिएको छ।

१.ज्येष्ठ नागरिकहरुको रुची र चाहना अनुसार सामाजिक, साँस्कृतिक,भौगोलिक धार्मिक तथा साहित्यिक पुस्तक,गीत,कविता,कथा,भजन सम्बन्धी पुस्तकहरुको व्यवस्था मिलाउने।

२.वाध्यवादन तर्फ मादल,हारमोनियम,खैंजडी,तवला इत्यादिको व्यवस्था गर्ने।

३.बस्ने व्यवस्थाका लागि चकटी,कुर्सी,कार्पेट आदिको व्यवस्था गर्ने।

४.दिउँसोको समयमा खाजा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउने।

५.मनोरञ्जनका लागि टेलिभिजन,मौसम अनुसार हिटर र पंखाको व्यवस्था गर्ने।

६.ज्येष्ठ नागरिकहरुको आकस्मिक स्वास्थ्योपचारका लागि आवश्यक औषधीको व्यवस्था गर्ने,

७ ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान,सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने जस्ता विषयहरुमा प्रवचन

कार्यक्रमहरु संचालन गर्ने र सो को अभिलेख राख्ने।

८.खर्च भएर नजाने जिन्सी सामानहरु एक पटक खरिद गरेपछि पटक,पटक खरिद गर्न पाइने छैन।

९.उपरोक्त बाहेक अन्य अत्यावश्यक शिर्षकमा खर्च गर्नु पर्ने देखिएमा जिल्ला ज्येष्ठ नागरिक कल्याण

समितिको निर्णयबाट खर्च गर्न सकिने छ।

**२.२ द्धितिय स्रोत सामाग्रीको अध्ययन,**

यस प्रतिवेदन तयारको लागि पुर्वसाहित्यको अध्ययन गरि आवश्यकता अनुसार प्रस्तुत गरिएको छ। तिनै सामाग्रीको आधारमा तथ्याङ्क संकलन र विश्लेषणको आधार तयार भएको छ।

**२.३ क्षेत्रगत तथ्याङ्क संकलन र बिश्लेषण**

**क) तथ्याङ्क संकलनको आधार**

तथ्याङ्क सङ्कलनको लागि महिला वालवालिका मन्त्रालयको स्रोत वाट निम्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र रहेको प्राप्त भए बमोजिम काठमाडौंका र भक्तपुरका केही दिवा सेवा केन्द्रमा पुगेर तथ्याङ्क सङ्कलन गरिएको छ।

| क.स | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | ज्येष्ठ नागरिक सम्मान प्रतिष्ठान दिवा सेवा केन्द्र संचालन | दमक, झापा |
| २ | श्री कृष्ण द्धैपायन गुरुकुल देवा विद्यालय दिवा सेवा केन्द्र संचालन | झापा |
| ३ | एकिकृत हातेमालो समाज नेपाल, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | काठमाडौं |
| ४ | श्री कृष्ण प्रणमी सत्सङ सेवा परिषद, दिवा सेवा केन्द्र संचालन | झापा |
| ५ | नारी चेतना दिवा सेवा केन्द, र, दिवा सेवा केन्द्र संचालन | झापा |
| ६ | श्री सिरडी साई वृद्ध समाज, दिवा सेवा केन्द्र संचालन | ललितपुर |
| ७ | अस्मि (सशक्त पाका उमेरका लागि कार्यरत सुमुह दिवा सेवा कृन्द्र संचालन | (काठमाडौं), |
| ८ | दिव्य ज्योति नेपाल दिवा सेवा केन्द्र संचालन | काठमाडौं |
| ९ | ओमशान्ति वृद्धाश्रम गृह दिवा सेवा केन्द्र संचालन | काठमाडौं, |

| | | |
|---|---|---|
| १० | अरविन्द योग मन्दिर दिवा सेवा केन्द्र संचालन | काठमाडौं, |
| ११ | दिव्य सेवा निकेतन वृद्धाश्रम काठमाडौ, दिवा सेवा केन्दै संचालन | गल्फुटार, काठमाडौं |
| १२ | विमुक्त जीवन, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | कोटेश्वर, काठमाडौं |
| १३ | राधाकृष्ण सेवा संस्था, दिवा सेवा केन्द्र | चावहिल, काठमाडौं |
| १४ | सामाजिक स्वयमसेवक मंच, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | काठमाडौं |
| १५ | सरस्वति मन्दिर परिसर वृद्धाश्रम | नारायण न.पा.८ दैलेख |
| १६ | हराभरा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | भक्तपुर |
| १७ | आनन्दित गृह कास्की, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | कास्की |
| १८ | ओम नमोदिप ज्येष्ठ नागरिक क्लब, | नुवाकोट, |
| १९ | ज्येष्ठ नागरिक मिलन केन्द्र वृद्धाश्रम नागरिक दिवा सेवा केन्द्र | दमौलि तँनहु, ज्येष्ठ |
| २० | नरसिहं मन्दिर संरक्षण तथा धार्मिक पर्यटकिय विकास समिति ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | मोदिवेनी पर्वत, |
| २१ | ज्येष्ठ नागरिक समाज नेपाल दिवा सेवा केन्द्र | कपिलवस्तु |
| २२ | ज्येष्ठ नागरिक समाज नेपाल, , ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | अर्घाखाची |
| २३ | मानव कल्याण वृद्धाश्रम सेवा समिति, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | तम्घास गुल्मी, |
| २४ | बालिघाट संरक्षण क्षेत्र ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | नवलपरासी, |
| २५ | सुनवल सामुदायिक विकास केन्द्र, ज्यृष्ठ नागरिक दिवा सेवा केन्द्र | नवलपरासी |
| २६ | राधाकृष्ण मन्दिर ज्येष्ठ नागरिक दिवासेवा केन्द्र | कपिलवस्तु |
| २७ | श्री मुक्तीनाथ वृद्ध नागरिक सेवा समाज दिवा सेवा केन्द्र संचालन, | नयाँगाउ बुटवल, रुपन्देही |
| २८ | नमुना कल्याणकारी आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | चितवन, |
| २९ | विकास र परिवर्तनका लागि संगठित समुह, ज्येष्ठ नागरिक दिवासेवा केन्द्र संचालन | दाङ |
| ३० | अभिभावक कल्याण समाज सुर्खेत, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | धुलीयाबिट सुर्खेत |
| ३१ | तिला कर्णाली संरक्षण समितिदिवा सेवा केन्द्र संचालन | कालिकोट, |
| ३२ | युवा संजाल ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | मुगु, |
| ३४ | वृद्ध सेवा केन्द्र ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | विरेन्द्रनगर सुर्खेत, |
| ३५ | श्री पशुपति शान्ति शिवालय, सुदाम वृद्ध सत्सङ समुह आश्रम ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | कालिका वर्दिया, |
| ३६ | शिव शक्ति वैराग्य आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | जाजरकोट |
| ३७ | जनजागरण केन्द्र ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | रौतहट, |
| ३८ | ज्येष्ठ नागरिक कल्याण समाज ज्येष्ठ नागरिक दिवा केन्द्र | उदयपुर |
| ३९ | विराटसेवा आश्रम | विराटनगर मोरङ |
| ४० | रामजानकी शान्ति वृद्धाश्रम | सुनसरी |
| ४१ | ज्येष्ठ नागरिक जिल्ला संघ, ज्येष्ठ नागरिक दिवोसेवा केन्द्र | सोलुखम्बु |
| ४२ | श्री महिला तथा बाल अधिकार सेवा केन्द्र सेता नागरिक दिवा सेवा केन्द्र | बाग्लुंग |
| ४३ | जिल्ला ज्येष्ठ नागरिक संघ रोल्पा, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | रोल्पा |
| ४४ | ज्येष्ठ नागरिक जिल्ला संघ, बाके ज्येष्ठ नागरिक दिवासेवा केन्द्र | बाके |
| ४५ | सुनवल सामुदायिक विकास केन्द्र नवलपरासी | नवलपरासी |
| ४६ | राम जानकी एवं राधाकृष्ण मन्दिर ज्येष्ठ नागरिक दिवासेवा केन्द्र तौलिहवा ४ कपिलवस्तु | तौलिहवा ४ कपिलवस्तु |
| ४७ | श्री शितलादेवी आमासमुह, स्याङजा दिवासेवा केन्द्र संचालन | स्याङजा |
| ४८ | स्वयमसेवक मंच अछाम मार्फत बैजनाथ मन्दिरमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | अछाम |
| ४९ | मुक्तेश्वर महादेव स्थान वृद्धाश्रम मार्फत ज्येष्ठ नागरिक दिवासेवा केन्द्र संचालन | काभ्रेपलाञ्चोक |
| ५० | सिद्धि स्मृति प्रतिष्ठान ज्येष्ठ नागरिक दिवासेवा केन्द्र संचालन | भक्तपुर |
| ५१ | श्री भार्गव ऋषि वृद्धाश्रम महोत्तरी मार्फत ज्येष्ठ नागरिक दिवासेवा केन्द्र संचालन | महोत्तरी |
| ५२ | जिल्ला ज्येष्ठ नागरिक संघ मार्फत दिवा सेवा केन्द्र संचालन, | कैलाली |
| ५३ | जिल्ला ज्येष्ठ नागरिक संघ मार्फत दिवा सेवा केन्द्र संचालन, | खोटाङ |
| ५४ | रंगेठांटी सेती दोभान स्याङ्जा - ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | स्याङ्जा |
| ५५ | ज्येष्ठ नागरिक सेवा केन्द्र सहारा, धुलिखेल- ज्येष्ठ नागरिक दिवा सेवा | धुलिखेल, काभ्रे |
| ५६ | वृद्ध सेवा समिति, टिकापुर कैलाली ,ज्येष्ठ नागरिक दिवा सेवा | टिकापुर कैलाली |
| ५७ | ज्याङ्ध्युप दर्गे लिङ्स गुम्बा, काभ्रे (जेष्ठ नागरिक दिवा सेवा | काभ्रे |
| ५८ | स्वास्थ्य तथा वातावरण विकास समाज, डडेलधुरा (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | डडेलधुरा |

| | | |
|---|---|---|
| ५९ | हुक्यापड्स नेपाल, पाँचथर (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | पाँचथर |
| ६० | महिला सशक्तीकरण तथा बाल जागरण नेपाल, कञ्चनपुर ( | कञ्चनपुर |
| ६१ | संस्कार नेपाल, धनुषा (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | धनुषा |
| ६२ | अनुसन्धान तथा सहयोग संघ नेपाल (ज्येष्ठ नागरिक दिवा | |
| ६३ | संकल्प नेपाल, ललितपुर (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | ललितपुर |
| ६४ | फाल्गुनन्द उर्जा तथा वातारण केन्द्र , इलाम (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | इलाम |
| ६५ | लालबन्दी जनकल्याण समाज ,सर्लाही (ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | सर्लाही |

यि दिवा सेवा केन्द्रहरु २०७२ मा आधारित हुन भने हाल ४९ जिल्लामा ८७ रहेका छन ।

**ख) तथ्याङ्क विश्लेषण**

तथ्याङ्क बिष्लेशणको लागि प्राप्त भएका तथ्याङ्कहरुलाई विभिन्न बृत चित्र, स्तम्भ चित्र, रेखाचित्र मा प्रस्तुत गर्नुको साथै भाषागत विश्लेषण पनि गरिएको छ । सस्था गत र व्यक्तिगत विवरणका अलग अलग चित्रहरु प्रस्तुत गरिएको छ । साथमा तथ्याङ्क संकलन गर्न जादाका केहि तस्विरहरु पनि संलग्न गरिएको छ ।

## ३.तथ्याङ्क विश्लेषण

### ३.१ दिवा सेवा केन्द्रको विवरण

ज्येष्ठ नागरिक सम्बन्धि विवरणः यस अध्ययनको लागि विभिन्न दिवा सेवा केन्द्रहरुको भ्रमण गरिएको थियो । उक्त भ्रमणवाट दिवा सेवा केन्द्रहरुमा पुरुष ज्येष्ठ नागरिकहरु भन्दा महिला ज्येष्ठ नागरिकहरुको वाहुल्यता बढी रहेको छ । उमेरको हिसावले ६५ देखी ७४ वर्ष भित्रका ज्येष्ठ नागरिकहरु उच्च सङ्ख्यामा दिवा सेवा केन्द्रमा उपस्थित हुने गरेको तथ्याङ्क प्राप्त भएको छ ।

दिवा सेवा केन्द्रको पुर्वाधार सम्बन्धि विवरणः धेरै दिवा सेवा केन्द्र मन्दिर, पाटी/पौवा मा सञ्चालनमा रहेका छन । तर पनि धेरै ज्येष्ठ नागरिकहरुलाई त्यो स्थान पायक पर्ने गरेको जानकारीमा उपलव्ध छ । त्यसै गरि ति दिवा सेवा केन्द्रहरुमा पिउने पानि, सरसफाई को राम्रो व्यवस्था सगै हावा/प्रकाश को राम्रो पहुँचको लागि प्रयाप्त व्यवस्था रहेको छ । स्वास्थ सेवाको हकमा भने साह्रै कममा मात्रै देनिक सेवा उपलब्ध हुने र धेरैमा समय समयमा वा मौका पर्दा सेवा उपलब्ध गराउने गरेको अवस्था छ ।

दिवा सेवा केन्द्रमा उपलब्ध सुविधा सम्बन्धि विवरणः धेरै दिवा सेवा केन्द्रमा शौचालय मीला पुरुषहरुको लागि नै उपलब्ध रहेको अवस्था छ । वस्नको लागि पनि कुर्चि, चकटीहरुको व्यवस्था रहेका छन । त्यस्तै खाजा, खानाको साथमा धेरैमा मनोरञ्जनका साधनहरु जस्तै टेलिभिजन, मादल, हारमोनियम जस्ता साधनहरु पनि रहेका छन । तर ति साधनहरुको अवस्था भने पुर्ण गुणस्तरमा छैनन् । समय समयमा ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान अनुभव साट्ने कामहरु पनि हुने रहेछन । कतिपयम अतिरिक्त क्रियाकलापको रुपमा योगा, साक्षरता कक्षा, धार्मिक स्थलहरुको भ्रमण पनि हुने रहेछन । धेरै दिवा सेवा केन्द्रको बार्षिक खर्च उचित तवरले व्यवस्थापन गर्ने हो भने रु १५,००,०००। (रुपया पन्ध्रलाख) भन्दा बढी लाग्ने भएता पनि मन्त्रालयवाट रु. २ देखी ३ लाख सम्मको अनुदान धेरैले प्राप्त गर्दा रहेछन । कर्मचारीको व्यवस्थापन धेरैमा कमजोर रहेको छ । जनसङ्ख्या र भौगोलीक क्षेत्रको आधारमा धेरै ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र खोल्ने व्यवस्थापन गर्ने काम आवश्यक रहेको देखीन्छ । सामान्य रहेको छ ।

व्यक्तिगत विवरण: ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा उपस्थित धेरै ज्येष्ठ नागरिकहरु खुशि रहेको र उनिहरुले राम्रो वातावरण पाएको जानकारी गराएका छन । उनिहरु दिवा सेवा केन्द्रमा आउनुको मुख्य कारणमा दिनको समयमा घरमा एकलै हुने दिवा सेवा केन्द्र आउदा साथिहरुसगं भेटघाट, मनोरञ्जन प्राप्त हुनुको साथै समय काट्न पनि सहज हुने अनुभव सुनाएका छन । धेरैको बुझाई टोलटोलमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र उचित व्यवस्थापन सहित चाहिने रहेको छ । थप विषयवस्तुहरु तलका चित्रहरुलाई नियालौ ।

### ३.१.१ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुको सस्थागत विवरणका चित्रहरु


























महिला र पुरुषका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्थापन
Yes
No
34%
66%




दिवा सेवा केन्द्रमा वस्ने व्यवस्थापन
100%
0%
Chakati
Chair
Series1
67%
33%




150%
100%
50%
0%
100%
Yes
No
खाना खाजा उपलब्ध गराउने दिवा सेवा केन्द्र




दिवा सेवा केन्द्रमा व्यवस्था भएका साधन स्रोतहरु
150%
100%
50%
0%
66%
67%
100%
100%
100%
66%
Television
Library
Madal
Harmonium
Tabala
Heater/Fan
साधनहरुका प्रकार




100%
50%
0%
100%
32%
66%
33%
33%
Bhajan
Yoga
Picnics/ Visits
Festival celebration
Literacy class
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा उपलव्ध विभिन्न सेवाहरु

### ३.१.२ दिवा सेवा केन्द्रमा सेवा लिन उपस्थित ज्येष्ठ नागरिकहरुका धारणाहरु चित्रमा





















### ३.१.३ अध्ययनको क्रममा खिचिएका केही तस्विरहरु



मातापिता सेवा सदन कटुबहालमा ज्येष्ठ नागरिकसगं



मातापिता सेवा सदन कटुबहालमा केन्द्रका अध्यक्षसगं




सिद्धीस्मृति फाउण्डेशनमा ज्येष्ठनागरिक प्रवचन सुन्दै



सिद्धीस्मृति फाउण्डेश भक्तपुर



कुलेश्वर आवास परिवार दिवा सेवा केन्द्रमा उपस्थित ज्येष्ठ नागरिकहरु

## ४. निष्कर्श

ज्येष्ठ नागरिकहरुको सङ्ख्यामा भएको बृद्धि र समाजमा भई रहेको परिवर्तनले गर्दा ज्येष्ठ नागरिक दिवा सेवा केन्दको आवश्यकता व्यपक बन्दै गई रहेको छ। ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई जनसङ्ख्या र भौगोलिक क्षेत्रको आधारमा उचित तवरले व्यवस्थापन गर्दै जानु आजको अनिवार्य आवश्यकता हो । धेरै ज्येष्ठ नागरिकहरु, परिवारका सदस्य काममा व्यस्त हुने र घरमा एक्लै वस्न गाह्रो हुने भएर दिवा सेवा केन्द्र जाने हुन्छ। दिवा सेवा केन्द्रमा जान थाले पछि उनिहरु साह्रै धेरै खुशी हुने गरेको अध्ययनवाट थाहा लागेको छ। यसमा दिवा सेवा केन्द्रमा उपलब्ध हुने मनोरञ्जन र साथीहरुसगंको भेटघाट भलाकुशारी रहेका छन । दिवा सेवा केन्द्रहरु आवश्यकता र चाहना अनुसार व्यवस्थित भई नसकेतापनि साह्रै थोरै समयमा उपस्थित हुने ज्येष्ठ नागरिकहरुलाई मनोरञ्जन दिन सफल छन भनेर बुझ्न सकिन्छ।

## ५. सुझावहरु

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र अवको समयकालागि अनिवार्य आवश्यकता को क्षेत्र हुन ।
- त्यस्ता केन्द्रहरुको व्यवस्थापन प्रत्येक गाउँ, शहरका टोल टोलमा जनसङ्ख्याको आधारमा उचित सूविधा सहित गर्न ढिला गर्नु हुदैन ।
- दिवा सेवा केन्द्रलाई भौतिक, सामाजिक, सास्कृतिक, जनशक्ति विशेषका तवरले हदै सम्म सवल बनाउन ढिला गर्नु हुदैन ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको उचित विस्तार र व्यवस्थापनको लागि टोल, समाजमा जनचेतनाका कार्यकमहरु सञ्चालन गर्नु आवश्यक रहेको छ ।
- दिवा सेवा केन्द्रको सञ्चालनमा युवाहरुलाई जागरुक तुल्याई सिपपुस्ता हस्तान्तरण जस्ता कार्यलाई तिव्रता दिनु पर्दछ ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थान र भवन ज्येष्ठ नागरिक मैत्रि वनाउन तत्काल कदम चालिनु आवश्यक छ ।

शन्दर्भ सामाग्रीहरुः


- नेपालको संविधान २०७२
- ज्येष्ठ नागरिक ऐन २०६३,
- ज्येष्ठ नागरिक नियमावलि २०६५,
- ज्येष्ठ नागरिक स्रोत पुस्तिका २०७०
- मानव अधिकार संवन्धि विश्वव्यापी घोषणा १९४८